# नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५०

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०५०।१०।१८

<u>संशोधन</u>

| | | |
|---|---|---|
| १. | नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरू २०५३ | २०५३।९।१५ |
| २. | नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू २०६९ | २०६९।९।२३ |

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल शिक्षा सेवा सम्झनु पर्छ ।

(घ) “समूह” भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) “उपसमूह” भन्नाले समूह अन्तर्गत कायम गरिएको उपसमूह सम्झनु पर्छ ।

(च) “कर्मचारी” भन्नाले नेपाल शिक्षा सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. **सेवा गठन**: ऐनको दफा ३ बमोजिम नेपाल शिक्षा सेवा गठन गरिएको छ ।

४. **सेवामा रहने समूह, उपसमूह, श्रेणी र पद**: (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवाभित्रको समान प्रकृतिका पदहरू समावेश भएका अनुसूची-१ बमोजिमका समूह तथा उपसमूहहरू रहनेछन् ।

(२) सेवामा देहायका श्रेणीहरू रहनेछन्:-

(क) राजपत्राङ्कित:

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी र

(४) तृतीय श्रेणी ।

(ख) राजपत्र अनङ्कित:

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी र

(४) चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा नेपाल सरकारले तोकेबमोजिम पदहरू रहन सक्नेछन् ।

(४) समूह तथा उपसमूहमा रहने श्रेणीका र श्रेणी विहीन पदहरू अनुसूची-२ बमोजिमका हुनेछन् ।

५. **समूहिकृत हुने**: (१) यी नियमहरू प्रारम्भ हुँदाका बखत नेपाल शिक्षा सेवाका देहायका समूह तथा उपसमूहमा कार्यरत कर्मचारीहरूलाई देहायका समूह तथा उपसमूहमा समूहीकृत गरिएको छः-

(क) टिचिङ (अध्यापन) समूह, उच्च शिक्षामा कार्यरत कर्मचारीहरूलाई अध्यापन समूह, उच्च शिक्षा समूहमा ।

(ख) टिचिङ (अध्यापन) समूह, माध्यमिक शिक्षामा कार्यरत कर्मचारीहरूलाई अध्यापन समूह, माध्यमिक शिक्षा उपसमूहमा ।

(ग) प्रिन्टिङ (मुद्रण) समूह, प्रेस इन्जिनियरिङ उपसमूहमा कार्यरत कर्मचारीहरूलाई मुद्रण व्यवस्थापन समूह, प्रेस इन्जिनियरिङ उपसमूहमा ।

(घ) प्रिन्टिङ (मुद्रण) समूह, प्रेस मेनेजमेन्ट (मुद्रण व्यवस्थापन) उपसमूहमा कार्यरत कर्मचारीहरूलाई मुद्रण व्यवस्थापन समूह, मुद्रण व्यवस्थापन उपसमूहमा ।

(ङ) पेन्टिङ एण्ड फोटोग्राफी समूह, पेन्टिङ उपसमूहमा कार्यरत कर्मचारीहरूलाई कला समूह, चित्रकला उपसमूहमा ।

(च) पेन्टिङ एण्ड फोटोग्राफी समूह, फोटाग्राफी उपसमूहमा कार्यरत कर्मचारीहरूलाई कला समूह, छविकला उपसमूहमा ।

(छ) टेष्ट एण्ड मेजरमेन्ट समूह, एजुकेशनल टेष्ट एण्ड मेजरमेन्ट उपसमूहमा कार्यरत कर्मचारीहरूलाई परीक्षण तथा मूल्याङ्कन समूह, शैक्षिक परीक्षण तथा मूल्याङ्कन उपसमूहमा ।

(ज) टेष्ट एण्ड मेजरमेन्ट समूह, पर्सोनल टेष्ट एण्ड मेजरमेन्ट उपसमूहमा कार्यरत कर्मचारीहरूलाई परीक्षण तथा मूल्याङ्कन समूह कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूहमा ।

(झ) लाइब्रेरी साइन्स समूहमा कार्यरत कर्मचारीहरूलाई पुस्तकालय विज्ञान समूहमा ।

(२) यी नियमहरू प्रारम्भ हुँदाका बखत नेपाल शिक्षा सेवामा कार्यरत कर्मचारीहरूमध्ये उपनियम (१) मा उल्लेखित कर्मचारीहरूबाहेक अन्य कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता, कार्य विशिष्टता र अनुभवको आधारमा निजहरू बहाल रहने समूह, उपसमूह तथा पद समेत निर्धारण गरी सम्बन्धित कर्मचारीहरूलाई जानकारी गराइनेछ ।

६. <u>रिक्त पदको पूर्ति</u>: (१) सेवा, समूह तथा उपसमूहका रिक्त पदहरूको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी विहीन पदहरू शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

७. <u>नियुक्तिका लागि योग्यता</u>: सम्बन्धित समूह तथा उपसमूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची-३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरू उम्मेद्वार हुन सक्नेछन् ।

८. <u>सरुवाको व्यवस्था</u>: समूह तथा उपसमूहका कर्मचारीहरूलाई सरुवा गर्दा [ϑ]<u>ऐनको परिच्छेद -४ र</u> नियमावलीको परिच्छेद ६ को अधिनमा रही समूह तथा उपसमूह भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

[≠]९. <u>शैक्षिक योग्यता सम्बन्धी व्यवस्था</u>: कर्मचारी बढुवा हुनको लागि ऐनको दफा २४ घ. बमोजिमको शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

---

ϑ दोस्रो संशोधनद्वारा थप ।

≠ दोस्रो संशोधनद्वारा संशोधित ।

तर संवत् २०५० साल माघ १८ गते भन्दा अघि सेवा, समूह तथा उपसमूहमा वहाल रहेका कर्मचारीहरुको हकमा निजलाई त्यस्तो सेवा, समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

**१०. <u>सेवा, समूह तथा उपसमूह सञ्चालन सम्बन्धी व्यवस्था</u>:** नीतिगत कुराहरूमा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी सेवा, समूह तथा उपसमूहको सञ्चालन र प्रशासन ∉<u>शिक्षा मन्त्रालयले</u> गर्नेछ ।

**११. <u>अनुसूचीमा हेरफेर वा थपघट</u>:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**१२. <u>खारेजी र बचाउ</u>:** (१) नेपाल शिक्षा सेवा (गठन) नियम, २०१६ र नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ खारेज गरिएका छन् ।

(२) उपनियम (१) मा उल्लेखित नियमहरू बमोजिम भए गरेको काम कारबाहीहरू यी नियमहरू बमोजिम नै भए गरेका मानिनेछ ।

---

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

**<u>द्रष्टव्यः-</u>** (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति (दोस्रो संशोधन) नियमहरु, २०६९ को नियम ६ देहाय बमोजिम रहेको:-

६. <u>पद स्वतः परिणत भएको मानिने</u>: यी नियमरु प्रारम्भ हुँदाका बखत सेवाको अध्यापन समूह, माध्यमिक शिक्षा उपसमूह रा.प. तृतीय श्रेणी, ग्याजेटेड सिभिल माष्टर, रा.प. अनं. प्रथम श्रेणी सिभिल माष्टर र रा.प. अनं. द्वितिय श्रेणी सिभिल माष्टरको पद र सो पदमा कार्यरत कर्मचारीहरु यी नियमहरु प्रारम्भ भएपछि सेवाका शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको क्रमशः विद्यालय निरीक्षक, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा स्वतः परिवर्तन भएको मानिनेछ ।

अनुसूची - १

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

| क्र.सं. | समूह | उपसमूह | |
|---|---|---|---|
| १. | अध्यापन | (क) उच्च शिक्षा<br>(ख)[≡]................ | |
| २. | शिक्षा प्रशासन | (क) अङ्ग्रेजी<br>(ख) नेपाली<br>(ग) संस्कृत<br>(घ) विज्ञान<br>(ङ) गणित<br>(च) सामाजिक शिक्षा<br>(छ) व्यावसायिक शिक्षा<br>(ज) शारीरिक शिक्षा<br>(झ) निरीक्षण | |
| ३. | मुद्रण व्यवस्थापन | (क) प्रेस इन्जिनियरिङ<br>(ख) मुद्रण व्यवस्थापन | |
| ४. | कला | (क) चित्रकला<br>(ख) छविकला | |
| ५. | पुरातत्व | (क) पुरातत्व<br>(ख) सङ्ग्रहालय | |
| ६. | परीक्षण तथा मूल्याङ्कन | (क) शैक्षिक परीक्षण तथा मूल्याङ्कन<br>(ख) कर्मचारी परीक्षण तथा मूल्याङ्कन | |
| ७. | पुस्तकालय विज्ञान | | |

≡ दोस्रो संशोधनद्वारा झिकिएको ।

÷अनुसूची - २

नियम ४ को उपनियम (४) सँग सम्बन्धित

**सेवा र सेवाका समूह तथा उपसमूहमा रहने पद नामहरू**

| शिक्षा सेवा | (क) अध्यापन समूह | (ख) शिक्षा प्रशासन समूह | (ग) मुद्रण व्यवस्थापन समूह | (घ) कला समूह | (ङ) पुरातत्व समूह | (च) परीक्षण तथा मूल्याङ्कन समूह | (छ)पुस्तकालय विज्ञान समूह |
|---|---|---|---|---|---|---|---|
| १.विशिष्ट श्रेणीमा रहने पद<br><br>नेपाल सरकारले तोकेबमोजिमको पद | (क) उच्च शिक्षा उपसमूह<br><br>१.रा. प. प्रथम श्रेणीमा रहने पद<br>-प्राध्यापक | १.रा.प. प्रथम श्रेणीमा रहने पद<br>-सहसचिव-निर्देशक<br>-कार्यकारी निर्देशक<br>-महानिर्देशक<br>-नियन्त्रक<br>-क्षेत्रीय शिक्षा निर्देशक | (क) मुद्रण व्यवस्थापन उपसमूह | (क)छविकला उपसमूह | १.रा. प. प्रथम श्रेणीमा रहने पद<br>-महानिर्देशक<br>-उप महानिर्देशक | (क) कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह<br><br>१.रा. प. प्रथम श्रेणीमा रहने पद<br>-मुख्य मनोविज्ञानवेत्ता | |

÷ नेपाल सरकार (मन्त्रि परिषद्) को मिति २०७२/१२/१९ को निर्णय बमोजिम थपघट । (नेपाल राजपत्रमा प्रकाशित मिति २०७३/१/१३)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.रा. प. द्वितीय श्रेणीमा रहने पद<br>-प्राध्यापक<br>(ख)माध्यमिक शिक्षा उपसमूह<br>१.रा. प. तृतीय श्रेणीमा रहने पद<br>-अध्यापक<br>-ग्याजेटेड सिभिल मास्टर<br>२.रा. प. अनं. प्रथम श्रेणीमा रहने पद | -🕮प्रशासकीय प्रमुख<br>-🕮उप-महानिर्देशक<br>२. रा.प. द्वितीय श्रेणीमा रहने पद<br>-उप-सचिव<br>-उप-निर्देशक<br>-उप-नियन्त्रक<br>-वरिष्ठ अनुसन्धान अधिकृत<br>-वरिष्ठ प्रशिक्षक जिल्ला शिक्षा अधिकारी<br>-ᵟउपजिल्ला शिक्षा अधिकारी | १.रा.प. द्वितीय श्रेणीमा रहेन पद<br>-वरिष्ठ मुद्रण अधिकृत<br>२.रा.प. तृतीय श्रेणीमा रहेन पद<br>-प्रेस सुपरभाइजर<br>-मुद्रण प्रबन्धक<br>- अफसेट प्रेस सुपरभाइजर<br>- लेटर प्रेस सुपरभाइजर<br>-मुद्रण अधिकृत | १. रा. प. द्वितीय श्रेणीमा रहने पद<br>-प्रमुख छविकार<br>-वरिष्ठ छविकार<br>-🕮 निर्देशक<br>२.रा.प. तृतीय श्रेणीमा रहेन पद<br>- छविकार<br>- डार्करुम अधिकृत<br>- रिप्रोगाफर<br>३.रा. प. | २.रा. प. द्वितीय श्रेणीमा रहने पद<br>-प्रमुख अन्वेषण अधिकृत<br>-प्रमुख पुरातत्व अधिकृत<br>-प्रमुख अनुसन्धान अधिकृत<br>-प्रमुख अभिलेख अधिकृत<br>-सङ्ग्रहालय प्रमुख | २.रा. प. द्वितीय श्रेणीमा रहने पद<br>-वरिष्ठ मनोविज्ञानवेत्ता<br>-पाठ्यक्रम विशेषज्ञ<br>३.रा. प. तृतीय श्रेणीमा रहने पद<br>-पाठ्यक्रम विज्ञ<br>-मनोविज्ञानवेत्ता<br>(ख)शैक्षिक मूल्याङ्कन तथा परिक्षण उपसमूह<br>१.रा.प. तृतीय श्रेणीमा रहेन पद<br>-शाखा अधिकृत | १.रा. प. द्वितीय श्रेणीमा रहने पद<br>-पुस्तकालय प्रमुख<br>-🕮 निर्देशक<br>-🕮 वरिष्ठ<br>-पुस्तकालय अधिकृत<br>२.रा. प. तृतीय श्रेणीमा रहने पद<br>-पुस्तकालय अधिकृत<br>-सारिणी अधिकृत |

🕮 मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

ᵟ दोस्रो संशोधनद्धारा थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | -शिक्षक<br>-सिभिल मास्टर<br>३.रा. प. अनं. द्वितीय श्रेणीमा रहने पद<br>-शिक्षक<br>-सिभिल माष्टर<br>४. रा.प. अनं. तृतीय श्रेणीमा रहने पद<br>-शिक्षक | -📖निर्देशक<br>-📖 तालीम प्रमुख<br>३.रा. प. तृतीय श्रेणीमा रहने पद<br>(क)अङ्ग्रेजी उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>-तालीम अधिकृत<br>-प्रशिक्षक अधिकृत<br>-प्राविधिक अधिकृत<br>(ख)नेपाली उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>- अनुवादक तथा सम्पादक<br>-📖प्राविधिक अधिकृत | ३.रा.प. अनङ्कित प्रथम श्रेणीमा रहने पद<br>- सिनियर फोटो टाइप सेटर<br>-सिनियर अफसेट प्रेस म्यान<br>- सिनियर मोनो टाइप अपरेटर<br>-सिनियर प्लेट मेकर<br>-सिनियर कम्पोजिटर<br>-सिनियर बुकबाइण्डर<br>-सहायक इष्टिमेटर<br>- सिनियर प्रुफ रिडर<br>- सिनियर प्रेस | अनं. प्रथम श्रेणीमा रहने पद<br>-सहायक छविकार<br>-क्यामेरा म्यान<br>-माइक्रो फिल्मिष्ट<br>४. रा.प. अनं. द्वितीय श्रेणीमा रहने पद<br>- डार्करुम असिण्टेण्ट<br>- सहायक फोटोग्राफर<br>-📖 ल्याब असिष्टेण्ट<br>(ख) चित्रकला उपसमूह<br>१. रा.प. तृतीय श्रेणीमा रहने | (क)पुरातत्व उपसमूह<br>१.रा.प. तृतीय श्रेणीमा रहने पद<br>-क्युरियो जाँचपास अधिकृत<br>-पुरातत्व अधिकृत<br>-सर्वेक्षण अधिकृत<br>-अनुसन्धान अधिकृत<br>-अभिलेख अधिकृत<br>-उत्खनन अधिकृत<br>-एन्टिक्विटी कम पोठरी अधिकृत | ३.रा. प. अनं. चतुर्थ श्रेणीमा रहने पद<br>-सहायक | -अनुक्रमणिकार<br>-डकुमेन्टेशन अफिसर<br>-विब्लियोग्राफर<br>३.रा. प. अनं. प्रथम श्रेणीमा रहने पद<br>-पुस्तकालय सहायक<br>-संस्कृत सहायक<br>⋗सिपरेन्स तथा एक्वीजिशन सहायक<br>⋗पुस्तकालय सहायक (हिन्दी)<br>⋗पुस्तकालय सहायक (नेपाली)<br>⋗पुस्तकालय |

📖 मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (ग)संस्कृत उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>-अनुसन्धान अधिकृत<br>(घ)विज्ञान उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>-तालीम अधिकृत<br>- प्रशिक्षक<br>-प्राविधिक अधिकृत<br>(ङ)गणित उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>-तालीम अधिकृत<br>- प्रशिक्षक | म्यान<br>-🕮वरिष्ठ मुद्रण सहायक<br>४. रा.प. अनं. द्वितीय श्रेणीमा रहने पद<br>- फोटो टाइप सेटर<br>- प्रेस म्यान<br>- अफसेट प्रेस म्यान<br>-मोनोटाइप अपरेटर<br>-फर्नेस अपरेटर<br>-कम्पोजिटर<br>- बुकबाइण्डर<br>-प्रुफ रिडर<br>- प्लेट मेकर<br>-🕮 मुद्रण सहायक | पद<br>-चित्रकला अधिकृत<br>-आकृतिकार<br>-काष्ठकलाविद<br>-चित्रकलाविद<br>-कला अधिकृत<br>-प्राविधिक अधिकृत<br>-सहायक दुर सम्वेदन अधिकृत<br>२. रा.प. अनं. प्रथम श्रेणीमा रहने पद<br>-धातु कला सहायक<br>-मूर्तिकला सहायक<br>-प्रस्तर कलाम | -पथ प्रदर्शक<br>-पथ प्रदर्शन अधिकृत<br>-🕮 शाखा अधिकृत<br>-🕮 लिपि अधिकृत<br>२. रा.प. अनं. प्रथम श्रेणीमा रहने पद<br>-अनुसन्धान सहायक<br>-सहायक पथ प्रदर्शक<br>-तिब्बती भाषा सहायक<br>-मूल पुरोहित संस्कृत सहायक<br>-लिपि सहायक | | सहायक (रचना)<br>≥पुस्तकालय सहायक (अङ्ग्रेजी)<br>४. रा.प. अनं. द्वितीय श्रेणीमा रहने पद<br>-काउण्टर सहायक<br>५. रा.प. अनं. तृतीय श्रेणीमा रहने पद<br>-सहायक पथ प्रदर्शक |

---

≥ पहिलो संशोधनद्वारा थप ।

🕮 मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | -प्राविधिक अधिकृत<br>(च)सामाजिक शिक्षा उपसमूह<br>-पाठ्यक्रम अधिकृत<br>-तालीम अधिकृत<br>- प्रशिक्षक<br>-प्राविधिक अधिकृत<br>(छ)व्यवासयिक शिक्षा उपसमूह<br>- पाठ्यक्रम अधिकृत<br>(ज)शारीरिक शिक्षा उपसमूह<br>-प्रशिक्षक<br>-🕮पाठ्यक्रम अधिकृत | ≥५. रा.प. अनं. तृतीय श्रेणीमा रहने पद<br>-जुनियर प्रेस म्यान<br>(ख)प्रेस इन्जिनियरिङ उपसमूह<br>१. रा.प. तृतीय श्रेणीमा रहेने पद<br>- मर्मत तथा सम्भार अधिकृत<br>२. रा. प. अनं. प्रथम श्रेणीमा रहेन पद<br>- सिनियर मेकानिक्स<br>३. रा.प. | सहायक<br>-आर्टिष्ट<br>-कम काष्ठमोडलर<br>-काष्ठकला सहायक<br>-सहायक इलेष्ट्रेटर<br>-सहायक डिजाइनर<br>≥मोडल कम आर्टिष्ट<br>≥३. रा.प. अनं. तृतीय श्रेणीमा रहने पद<br>-पेण्टर | ≥प्राविधिक सहायक<br>३. रा.प. अनं. द्वितीय श्रेणीमा रहने पद<br>-सहायक गाइड<br>-क्षेत्र सहायक<br>-सहायक पुरोहित<br>-साम्वेद<br>-भण्डारे<br>-सहायक खुदाइ निरीक्षक<br>४. रा.प. अनं. तृतीय श्रेणीमा रहने पद<br>-ग्यालरी गार्ड<br>-लिपि सहायक<br>-लेखक | | |

🕮 मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

≥ पहिलो संशोधनद्वारा थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (झ)<u>निरीक्षण उपसमूह</u><br>-शाखा अधिकृत<br>-विद्यालय निरीक्षक<br>-योजना अधिकृत<br>-उपत्पादन प्रमुख<br>-सम्पादक<br>-लेखक तथा सम्पादक<br>-सम्वादक अधिकृत<br>-मूल्याङ्कन अधिकृत<br>-अनुसन्धान अधिकृत<br>-प्रशिक्षक<br>-प्राविधिक अधिकृत<br>-प्रकाशन अधिकृत<br>-तालीम अधिकृत | <u>अनङ्कित द्वितीय श्रेणीमा रहने पद</u><br>- मेकानिक्स<br><br>४. <u>रा.प. अनङ्कित तृतीय श्रेणीमा रहने पद</u><br>- पेन्टर | | ≥ सुसारे<br>≥गहना कलश मोल्ने<br>≥५. <u>रा.प. अनं. चतुर्थ श्रेणीमा रहने पद</u><br>-पदमाक्ष नारायण पुजारी<br>(ख)<u>सङ्ग्रहालय उपसमूह</u><br>१. <u>रा.प. तृतीय श्रेणीमा रहने पद</u><br>-कला कृती संग्रह अधिकृत<br>-सङ्ग्रहालय अधिकृत<br>-सहायक निर्देशक<br>२. <u>रा.प. अनं. प्रथम श्रेणीमा</u> | | |

≥ पहिलो संशोधनद्वारा थप ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ४. रा.प. अनं. प्रथम श्रेणीमा रहने पद<br>(क)निरीक्षण उपसमूह<br>-प्राविधिक सहायक<br>-प्रोड्युसर<br>ϑ५.रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद<br>निरीक्षण उपसमूह<br>-नायव प्राविधिक सहायक | | | रहने पद<br>- क्रोनोलजिष्ट<br>- फिलाटेलिक्स<br>-टेक्सीडर्मिष्ट<br>≥प्राविधिक सहायक<br>≥कार्यालय प्रमुख (क्षेत्रीय सङ्ग्रहालय)<br>≥भण्डारे<br>३. रा.प. अनं द्वितीय श्रेणीमा रहने पद<br>-सहायक टेक्सीडर्मिष्ट<br>-सहायक क्रोनोलजिष्ट<br>-सिकर्मी | | |

नेपाल कानून आयोग

ϑ दोस्रो संशोधनद्वारा थप ।

≥ पहिलो संशोधनद्वारा थप ।

## अनुसूची - ३

### नियम ७ सँग सम्बन्धित

### सेवा प्रवेशका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता

(क)सेवाका समूह तथा उपसमूहका राजपत्राङ्कित प्रथम तथा द्वितीय श्रेणीका लागि

| क्र.सं. | समूह, उपसमूह | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| १. | शिक्षा प्रशासन समूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम बमोजिम अनुभव प्राप्त । |
| २. | मुद्रण व्यवस्थापन उपसमूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |
| ३. | छविकला उपसमूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट छवि कला विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |
| ४. | पुरातत्व समूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्व, इतिहास वा संस्कृतिमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |
| ५. | कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट मनोविज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम बमोजिम अनुभव प्राप्त । |

६.   पुस्तकालय विज्ञान समूह   मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त ।

(ख)   समूह तथा उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदहरूको लागि

| क्र.सं. | समूह, उपसमूह | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|
| १. | अध्यापन समूह<br>(क) उच्च शिक्षा उपसमूह<br>(ख) [≡]........... | -मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण । |
| २. | शिक्षा प्रशासन समूह<br>(क) अङ्ग्रेजी उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अङ्ग्रेजी मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (ख) नेपाली उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (ग) संस्कृत उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (घ) विज्ञान उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (ङ) गणित उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सरह उत्तीर्ण । |
| | (च) सामाजिक शिक्षा उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिक शास्त्र वा सामाजिक शिक्षामध्ये कुनै एक मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (छ)व्यावसायिक शिक्षा उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि, गृहविज्ञान, सचिवालय विज्ञान र औद्योगिक शिक्षामध्ये कुनै एक मूल विषय लिई |

[≡] दोस्रो संशोधनद्वारा झिकिएको ।

| | | |
|---|---|---|
| | | शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।<br>वा<br>कृषि, गृहविज्ञान, सचिवालय विज्ञान र औद्योगिक शिक्षा मध्ये कुनै एक विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।<br>वा<br>कृषि, गृहविज्ञान, सचिवालय विज्ञान र औद्योगिक शिक्षामध्ये कुनै एक विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण । |
| | (ज) शारीरिक शिक्षा उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य तथा शारीरिक शिक्षा मूल विषय लिई शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण<br>वा<br>शारीरिक शिक्षामा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (झ) निरीक्षण उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ३. | मुद्रण व्यवस्थापन समूह<br>(क) प्रेस इन्जिनियरिङ उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रेस इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (ख) मुद्रण व्यवस्थापन उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक र मुद्रण व्यवस्थापन वा मुद्रण प्रविधि सम्बन्धी ६ महिनाको संस्थागत तालीम तथा मुद्रण सञ्चालनमा ५ वर्षको अनुभव भएको । |
| ४. | कला समूह<br>(क) चित्रकला उप-समूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकलामा स्नातक वा सो सरह उत्तीर्ण ।<br>वा<br>स्नातक भै चित्रकलामा कम्तीमा ६ महिनाको तालिम प्राप्त । |

| | | |
|---|---|---|
| | (ख) छविकला उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट छविकलामा स्नातक सरहको डिग्री वा डिप्लोमा वा स्नातक भै छविकला वा रिप्रोग्राफीमा कम्तीमा ६ महिनाको तालिम प्राप्त । |
| ५. | पुरातत्व समूह<br>(क) पुरातत्व उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट पुरातत्वमा स्नातक वा सो सरह उत्तीर्ण ।<br>वा<br>इतिहासमा वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।<br>वा<br>स्नातक वा सो सरह भै पुरातत्व वा नृतत्व वा अभिलेख विज्ञानमा डिग्री वा डिप्लोमा उत्तीर्ण । |
| | (ख) सङ्ग्रहालय उपसमूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट सङ्ग्रहालय विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण<br>वा<br>-इतिहास वा संस्कृतिमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण<br>वा<br>-स्नातक वा सो सरह भै सङ्ग्रहालय विज्ञानमा डिप्लोमा उत्तीर्ण । |
| ६. | परीक्षण तथा मूल्याङ्कन समूह<br>(क) शैक्षिक परीक्षण तथा मूल्याङ्कन उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर वा स्नातक भै टेष्ट एण्ड मेजरमेण्टमा घटिमा ६ महिनाको तालीम प्राप्त । |
| | (ख) कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह | - मान्यता प्राप्त शिक्षण संस्थाबाट मनोविज्ञानमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण । |
| ७. | पुस्तकालय विज्ञान समूह | -मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातक वा स्नातक वा सो सरह उत्तीर्ण भै पुस्तकालय विज्ञानमा मान्यता प्राप्त संस्थाबाट घटीमा ६ महिने तालीम प्राप्त । |

*(ग) सेवाका समूह तथा उपसमूहमा रहने राजपत्र अनङ्कित पदहरूको लागि सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता ।

| क्र.सं. | समूह, उपसमूह | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|---|
| १. | राजपत्र अनङ्कित प्रथम श्रेणी<br>(क) ≡...........<br>(ख) शिक्षा प्रशासन समूह<br>निरीक्षण उपसमूह | १. प्राविधिक सहायक<br>२. प्रोड्युसर | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह ।<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| | (ग) मुद्रण व्यवस्थापन समूह<br>(१) प्रेस इन्जिनियरिङ उपसमूह | सिनियर मेकानिक्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी प्रेस मेशिन जडान तथा मर्मत सम्बन्धी ५ महिनाको तालिम वा प्रेस मेशिन जडान तथा मर्मत सम्बन्धी २ वर्षको अनुभव । |
| | (२) मुद्रण व्यवस्थापन उपसमूह | (१) सिनियर फोटो टाइप सेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी फोटो कम्पोज मेसिन र कम्प्युटर सञ्चालन सम्बन्धमा मान्यता प्राप्त संस्थाबाट घटिमा ५ महिनाको तालीम प्राप्त वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (२) सिनियरप्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी लेटर प्रेससम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालिम प्राप्त वा लेटर प्रेससम्बन्धी दुई वर्षको अनुभव । |
| | | (३) सिनियर अपसेट प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी अपसेट |

* मिति २०५३/९/१५ को नेपाल राजपत्रको सूचनाद्वारा हेरफेर ।

≡ दोस्रो संशोधनद्वारा झिकिएको ।

| | | | |
|---|---|---|---|
| | | | प्रेससम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (४) सिनियर मोनोटाइप अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी मोनोटाइपमा मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (५) सिनियर प्लेट मेकर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी प्लेट मेकिंगसम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (६) सिनियर कम्पोजिटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्पोजिटरमा ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (७) सिनियर बुक बाइण्डर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी बुक बाइडिंगसम्बन्धी मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (८) सहायक इष्टिमेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट बाणिज्य शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई छपाइसम्बन्धी इष्टिमेटमा मान्यता प्राप्त संस्थाबाट ५ महिनाको तालीम वा छपाइसम्बन्धी इष्टिमेटमा दुई वर्षको अनुभव । |
| | | (९) सिनियर प्रुफ रिडर | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी प्रुफ रिडिंगसम्बन्धी ५ महिनाको तालीम वा |

| | | | |
|---|---|---|---|
| | | | उक्त कार्यमा दुई वर्षको अनुभव । |
| | | (१०) वरिष्ठ मुद्रण सहायक | मान्यता प्राप्त संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरह हासिल गरेकोः-<br>(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा (मुद्रण) प्रमाणपत्र तह उत्तीर्ण ।<br>(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र कम्तीमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी ६ महिनाको तालिम प्राप्त ।<br>(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र कम्तीमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी २ वर्षको अनुभव (Pre press, press post press) प्राप्त । |
| | (घ) कला समूह | | |
| | (१) चित्रकला उपसमूह | (१) धातुकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकला सम्बन्धी विषय लिई आइ. एफ. ए. वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा तालिम प्राप्त । |
| | | (२) मूर्तिकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकलासम्बन्धी विषय लिई आइ. एफ. ए. वा सो सरह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटिमा १ |

मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

| | | | |
|---|---|---|---|
| | | | महिनाको तालीम प्राप्त । |
| | | (३) प्रस्तरकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्तिकलासम्बन्धी विषय लिई आइ. एफ. ए. वा सो सरह उत्तीर्ण वा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटिमा १ महिनाको तालीम प्राप्त । |
| | | (४)आर्टिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकलामा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | (५) आर्टिस्ट कम काष्ठ मोडलर | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूर्ति कलामा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | (६) सहायक इलस्ट्रेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकला विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | (७) सहायक डिजाइनर | मान्यता प्राप्त शिक्षण संस्थाबाट चित्रकला वा मूर्तिकला विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| | | (८) काष्ठकला सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट काष्ठकला विषय लिई आइ.एफ.ए वा सो सरह उत्तीर्ण वा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी काष्ठकलासम्बन्धी घटीमा ५ महीनाको संस्थागत तालीम प्राप्त । |
| | | (९) मोडेल कम आर्टिस्ट | चित्रकला विषयमा प्रमाणपत्र तह उत्तीर्ण वा प्रमाण पत्र तह उत्तीर्ण गरी कलासम्बन्धी १ वर्षको तालीम प्राप्त । |
| | (२) छविकला उपसमूह | (१) सहायक छविकार | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी स्वीकृत |

| | | | |
|---|---|---|---|
| | | | संस्थाबाट सम्बन्धित विषयमा घटिमा ५ महिनाको तालिम प्राप्त । |
| | | (२) क्यामेरा म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी फोटो ग्राफी वा भिडियो क्यामेरा सञ्चालनमा घटिमा १ महिनाको तालिम प्राप्त । |
| | | (३) माइक्रो फिल्मिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई माइक्रोफिल्म वा प्रोग्राफीसम्बन्धी घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव प्राप्त । |
| | | (४) रिप्रोग्राफर | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा प्रमाण पत्र उत्तीर्ण गरी स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटिमा ५ महिनाको तालीम प्राप्त । |
| | (ङ)पुरातत्व समूह<br>(१) पुरातत्व उपसमूह | (१)अनुसन्धान सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृती विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण । |
| | | (२) लिपि सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई नेपालको प्राचिन लिच्छवि तथा नेवारी लिपिहरू लेख्न पढ्न सक्ने । |
| | | (३) सहायक पथ प्रदर्शक | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास वा संस्कृती विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको वा आइ. ए. पास गरी फ्रेन्च, जर्मन, जापानीज, इटालियन, स्पेनिश भाषामध्ये कुनै एक भाषाको प्रमाणपत्र प्राप्त । |
| | | (४) संस्कृत सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत |

| | | | |
|---|---|---|---|
| | | | विषय लिई स्नातक वा सो सरह उत्तीर्ण । |
| | | (५) तिब्बती भाषा सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण भई तिब्बती भाषाको ज्ञान भएको । |
| | | (६)मूल पुरोहित | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत तर्फ कर्मकाण्ड विषय लिई प्रमाणपत्र वा सो सरह उत्तीर्ण वा कर्मकाण्ड सम्बन्धी घटिमा १ महिना तालीम प्राप्त । |
| | | (७)प्राविधिक सहायक | पुरातत्वमा स्नातक वा इतिहास र संस्कृती मूल विषय लिई स्नातक वा सोसरह उत्तीर्ण । |
| | २. सङ्ग्रहालय उपसमूह | (१)क्रोनोलजिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत वा इतिहासमा स्नातक वा सो सरह वा संस्कृति वा इतिहासमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषयमा ५ महिनाको तालीम प्राप्त वा सम्बन्धित क्षेत्रको दुई वर्षको अनुभव । |
| | | (२) फिलाटेलिस्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी फिलाटेली विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको दुई वर्षको अनुभव । |
| | | (३) टेक्सीडर्मिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी टेक्सिडर्मीसम्बन्धी विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको दुई वर्षको अनुभव । |
| | | (४) प्राविधिक सहायक | इतिहास र संस्कृति मूल विषय लिई स्नातक वा आइ.ए. उत्तीर्ण भई नेपाली पुरातात्विक मुद्रा सम्बन्धी काममा २ |

| | | | |
|---|---|---|---|
| | | | वर्षको अनुभव । |
| | | (५) कार्यालय प्रमुख (क्षेत्रीय सङ्ग्रहालय) | सङ्ग्रहालय विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा इतिहास र संस्कृतिमा स्नातक तह उत्तीर्ण वा प्रमाण पत्र तह उत्तीर्ण गरी सङ्ग्रहालय सम्बन्धी तालिम प्राप्त । |
| | | (६) भण्डारे | इतिहास र संस्कृति विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| | (च) पुस्तकालय विज्ञान समूह | (१) पुस्तकालय सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा प्रमाणपत्र तह वा कुनै विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई घटीमा एक महिनाको पुस्तकालय विज्ञानसम्बन्धी संस्थागत तालीम । |
| | | (२)संस्कृत सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत विषय लिई स्नातक वा सो सरह उत्तीर्ण । |
| | | (३) रिफरेन्स तथा एक्वीजिसन सहायक | पुस्तकालय विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा प्रमाण पत्र तह उत्तीर्ण गरी पुस्तकालय विज्ञानमा घटीमा १ महिनाको संस्थागत तालिम । |
| | | (४) पुस्तकालय सहायक(हिन्दी) | हिन्दी विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा हिन्दी विषय लिई प्रमाणपत्र तह उत्तीर्ण भई घटीमा एक महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम । |
| | | (५) पुस्तकालय सहायक (नेपाली) | नेपाली विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा नेपाली विषय लिई प्रमाण पत्र तह उत्तीर्ण भई घटीमा १ महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम । |

| | | | |
|---|---|---|---|
| | | (६) पुस्तकालय सहायक (रचना) | साहित्य विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा साहित्य विषय लिई प्रमाणपत्र तह उत्तीर्ण भई घटीमा १ महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम । |
| | | (७) पुस्तकालय सहायक (अङ्ग्रेजी) | अङ्ग्रेजी विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा अङ्ग्रेजी विषय लिई प्रमाण पत्र तह उत्तीर्ण भई घटीमा १ महिनाको पुस्तकालय विज्ञान सम्बन्धी संस्थागत तालिम । |
| | २. राजपत्र अनङ्कित<br>द्वितीय श्रेणी | | |
| | ∉(क) शिक्षा प्रशासन समूह निरीक्षण उपसमूह | नायव प्राविधिक सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण भै दश महिने शिक्षा तालीम प्राप्त । |
| | (ख) मुद्रण व्यवस्थापन समूह<br>(१) प्रेस इन्जिनियरिङ उपसमूह | मेकानिक्स | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी प्रेस मेसिन जडान तथा मर्मतमा ५ महिनाको तालीम वा उक्त कार्यमा २ वर्षको अनुभव । |
| | (२) मुद्रण व्यवस्थापन समूह | (१) प्लेट मेकर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी प्लेट मेकिङ सम्बन्धमा ५ महिनाको तालीम वा प्लेट मेकिङसम्बन्धी २ वर्षको अनुभव । |
| | | (२) फोटो टाइप सेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी फोटो कम्पोज र कम्प्युटरमा ५ महिनाको |

∉ दोस्रो संशोधनद्वारा संशोधित ।

| | | | |
|---|---|---|---|
| | | | तालीम वा २ वर्षको अनभुव । |
| | | (३) लेटर प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण गरी ५ महिनाको लेटर प्रेससम्बन्धी तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनभुव । |
| | | (४) अपसेट प्रेस म्यान | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण गरी अपसेट प्रेसमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (५) मोनोटाइप अप्रेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सहर उत्तीर्ण भई मोनोटाइप अपरेसनमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (६) फर्नेस अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई मोनोटाइप मेसिनमा सिसा पगाल्ने कार्यमा २ वर्षको अनुभव । |
| | | (७) कम्पोजिटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई कम्पोज सम्बन्धमा ५ महिनाको तालिम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (८) बुक बाइण्डर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण गरी बुक बाइण्डिङ सम्बन्धमा ५ महिनाको तालीम वा बुक वाइण्डिङसम्बन्धी २ वर्षको अनुभव । |
| | | (९) प्रुफ रिडर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण गरी प्रुफ रिडिङ सम्बन्धमा पाँच महिनाको तालिम वा प्रुफ रिडिङसम्बन्धी २ वर्षको अनुभव |

| | | | |
|---|---|---|---|
| | | | । |
| | | 📖(१०) मुद्रण सहायक | मान्यता प्राप्त संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरह हासिल गरेको:-<br>(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C वा S.E.E उत्तीर्ण र कम्तीमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी ६ महिनाको तालिम प्राप्त ।<br>(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C वा S.E.E उत्तीर्ण र कम्तीमा ३ महिनाको आधारभूत कम्प्युटर तालिम तथा मुद्रण (प्रेस) सम्बन्धी २ वर्षको अनुभव Pre press, press post press) प्राप्त । |
| | (ग) कला समूह छविकला उपसमूह | (१) डार्करुम असिस्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई फोटोग्राफी सम्बन्धी विषयमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव । |
| | | (२) सहायक फोटोग्राफर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई स्वीकृत संस्थाबाट सम्बन्धित विषयमा घटिमा १ महिनाको तालीम प्राप्त । |
| | (घ) पुरातत्व समूह (१) पुरातत्व उपसमूह | (१) क्षेत्र सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषयको घटिमा ५ महिनाको तालीम वा कार्य विवरणसँग सम्बन्धित |

📖 मिति २०७६।१०।२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप ।

| | | | |
|---|---|---|---|
| | | | क्षेत्रको २ वर्षको अनभुव । |
| | | (२) सहायक खुदाई निरीक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीण भई सम्बन्धित विषयको घटीमा ५ महिनाको तालीम वा कार्य विवरणसंग सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (३) भण्डारे | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी वा सो सरह उत्तीर्ण भई निरीक्षण सम्बन्धी विषयमा घटीमा ५ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (४) सहायक गाइड | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र गाईड तालीम प्राप्त । |
| | | (५) सिकर्मी | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी. वा सो सरह उत्तीर्ण भई मान्यता प्राप्त संस्थाबाट काष्ठकला विषयको तालिम लिएको वा दशम कक्षा उत्तीर्ण भई प्राविधिक तथा व्यवसायिक तालीम परिषद्को मान्यता प्राप्त संस्थाबाट टेक्निकल एस. एल. सी. सम्बन्धी तीन महिनाको तालीम लिएको । |
| | | (६) सहायक पुरोहित | मान्यता प्राप्त शिक्षण संस्थाबाट कर्मकाण्ड विषय लिई एस. एल. सी वा सो सरह उत्तीर्ण । |
| | | (७) साम्वेदी | मान्यता प्राप्त शिक्षण संस्थानबाट वेद विषय लिई एस. एल. सी. वा सो सरह उत्तीर्ण । |
| | | (८) प्राविधिक सहायक | इतिहास र संस्कृति मूल विषय लिई प्रमाणपत्र वा सो सरह उत्तीर्ण । |
| | (२) सङ्ग्रहालय | (१) सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट इतिहास |

| | | | |
|---|---|---|---|
| | उपसमूह | क्रोनोलजिष्ट | वा संस्कृति विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा एस. एल. सी. उत्तीर्ण भई क्रोनोलजी विषयमा ६ महिनाको तालीम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | | (२) सहायक टेक्सिडर्मिष्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषयमा घटीमा ५ महिनाको तालिम वा सम्बन्धित क्षेत्रको २ वर्षको अनुभव । |
| | (ङ) पुस्तकालय विज्ञान समूह | (१) काउन्टर सहायक | प्रवेशिका परीक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा ज्ञान प्राप्त भएको । |
| | (३) रा.प. अनं. तृतीय श्रेणी | १.जुनियर प्रेस म्यान | सम्बन्धित विषयको तालिमको प्रमाणपत्र हुनेलाई सो र नहुनेलाई सम्बन्धित कामको दुई वर्षको अनुभव । |
| | (क) मुद्रण व्यवस्थापन समूह<br>(१) मुद्रण व्यवस्थापन उप-समूह | | |
| | (ख) कला समूह<br>(१) चित्रकला उपसमूह | (१) पेन्टर | सम्बन्धित विषयको तालिमको प्रमाण पत्र वा दशम कक्षा उत्तीर्ण भई सम्बन्धित विषयमा दुई वर्षको अनुभव । |
| | (ग) पूरातत्व समूह<br>(१) पूरातत्व उपसमूह | (१) ग्यालरी गार्ड | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई एन.सी.सी. तालिम प्राप्त वा सैनिक वा प्रहरी क्षेत्रमा २ वर्षको अनुभव । |
| | | (२) लिपी सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण र हस्तलिपी राम्रो भएको । |
| | | (३) लेखक | मान्यताप्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण । |

| | | | |
|---|---|---|---|
| | | (४) सुसारे | दशम कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा अनुभवी । |
| | | (५) गहना कलश मोल्ने | दशम कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा अनुभवी । |
| | (घ) पुस्तकालय विज्ञान समूह | (१) सहायक पथप्रदर्शक | दशम कक्षा उत्तीर्ण गरी पथप्रदर्शन सम्बन्धी ज्ञान भएको । |
| | (४) रा.प अनं. चतुर्थ श्रेणी<br><br>(क)पूरातत्व समूह<br>(१) पूरातत्व उपसमूह | पदमाक्ष नारायण पूजारी | आठ कक्षा उत्तीर्ण गरी सम्बन्धित काममा अनुभवी । |

**<u>स्पष्टीकरणः</u>** यस अनुसूचीको प्रयोजनको लागि "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले लोक सेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था सम्झनु पर्छ ।